नीलकण्ठ नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

धादिङबेशी, धादिङ

बागमती प्रदेश, नेपाल

मितिः- २०७८/१२/०४

## मागमा आधारित कृषि तथा पशु सेवाको लागि सहयोग कार्यक्रम प्रस्ताव आह्वान सम्बन्धि सूचना ।

यस नीलकण्ठ नगरकार्यपालिका कार्यालयको आ.व. २०७८/०७९ को स्वीकृत बार्षिक कार्यक्रम बमोजिम मागमा आधारित कृषि तथा पशुसेवा सम्वन्धी कार्यक्रम अनुसार मागमा आधारित आय आर्जनको लागि सहयोग गर्ने कार्यक्रम रहेको हुँदा अर्ध बेरोजगार /वेरोजगार कृषक समूह ,कृषि सहकारी र निजी फर्महरुबाट प्रस्ताव आह्वानको लागि यो सूचना प्रकाशित गरिएको छ ।यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र तपसिलमा उल्लिखित कागजात र प्रस्तावना सहित यस कार्यालयमा निवेदन पेश गर्नुहुन सूचित गरिन्छ ।यस सम्बन्धी थप जानकारीको लागि कार्यालयको टेलिफोन नं. ०१०५२०५६८ मा सम्पर्क गर्न सकिने छ ।

तपसिल

संलग्न गर्नुपर्ने कागजातहरू

१.नेपाली नागरिकताको प्रतिलिपि(निजी फर्मको लागि मात्र),

२.समूह,सहकारी तथा निजी फर्म दर्ता नवीकरणको प्रतिलिपि,

३.प्रस्तावना पत्र तथा निवेदन,

४.कार्यक्रम संचालन हुने जग्गाको स्वामित्व देखिने कागजातको प्रतिलिपि वा भाडाको भए कम्तीमा १ वर्षको करारनामा,

५.सम्बन्धित वडाको सिफारिस,

६.आवश्यकताको आधारमा अन्य कागजातहरु ।

(पुनश्च- यस नगरपालिकावाट एक पटक सामाजिक संस्था सहायता अनुदान प्राप्त गरिसकेका कृषक समूह ,कृषि सहकारीले पुन सहायता अनुदान प्राप्त गर्न नसकिने व्यहोरा समेत जानकारीको लागि अनुरोध छ ।)

(नेत्र प्रसाद पौडेल)

प्रमुख प्रशासकीय अधिकृत